# प्रदेश लोक सेवा आयोग

## कोशी प्रदेश, विराटनगर, नेपाल

**सूचना नं. २६८/२०८०-८१, मितिः- २०८१/०१/१३**

**प्रदेश कृषि सेवा, कृषि प्रसार/एगृ. इको. एण्ड मार्केटिङ समूह, सहायकस्तर पाँचौ तह, प्राविधिक सहायक पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना**

प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरको विज्ञापन नं. २१-२२/२०८०-८१ (खुला तथा समावेशी), प्रदेश निजामती सेवा अन्तर्गत **प्रदेश कृषि सेवा, कृषि प्रसार/एगृ. इको. एण्ड मार्केटिङ समूह, सहायकस्तर पाँचौ तह, प्राविधिक सहायक पदको** लागि परीक्षा केन्द्र विराटनगर राखी प्रदेश लोक सेवा आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त फाराम स्वीकृत गराएका उम्मेदवारहरुको प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व निर्धारित परीक्षा कार्यक्रमानुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**परीक्षा कार्यक्रमः-**

| क्र.स. | विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | मिति/समय | अवधि |
|---|---|---|---|---|---|
| १ | सेवा सम्बन्धी विषय | १०० | वस्तुगत (Objective) | २०८१/०२/१२ बिहानको ७:३० बजे | ४५ मिनेट |

| क्र.स. | परीक्षा केन्द्रको नाम | रोल नं | | जम्मा |
|---|---|---|---|---|
| | | देखी | सम्म | |
| १ | श्री नरग्राम नमूना मा.वि., टंकीसिनवारी, मोरङ (विराट टिचिङ हस्पिटल पूर्व यादव टोल) (केन्द्र क) | १ | २०० | २०० |
| २ | श्री नरग्राम नमूना मा.वि., टंकीसिनवारी, मोरङ (विराट टिचिङ हस्पिटल पूर्व यादव टोल) (केन्द्र ख) | २०१ | ४०० | २०० |
| ३ | श्री नरग्राम नमूना मा.वि., टंकीसिनवारी, मोरङ (हाइवे छेउ) (केन्द्र क) | ४०१ | ६०० | २०० |
| ४ | श्री नरग्राम नमूना मा.वि., टंकीसिनवारी, मोरङ (हाइवे छेउ) (केन्द्र ख) | ६०१ भन्दा माथि सबै | | |

**द्रष्टव्यः-**

- **प्रवेश पत्र बिना परीक्षामा सम्मिलित गराईने छैन।**
- परीक्षा कोठा पत्ता लगाउने समेत प्रयोजनका लागि उम्मेदवारहरु परीक्षाको दिन परीक्षा समयभन्दा १ घण्टा अगाडी नै परीक्षा भवनमा पुगिसक्नु पर्नेछ।
- परीक्षा भवनबाट प्रवेशपत्र वितरण गरिने छैन।
- परीक्षा हलमा क्यालकुलेटर, मोवाइल फोन, स्मार्टवाच र यस्तै प्रकारको अन्य विद्युतीय उपकरणहरु लैजान/प्रयोग गर्न पाइने छैन।
- उत्तरपुस्तिकामा **कालो मसि** मात्र प्रयोग गर्नुपर्नेछ।
- **परीक्षार्थीले परीक्षा केन्द्रमा आउँदा आयोगबाट जारी भएको प्रवेश पत्रसँगै नागरिकताको प्रमाणपत्र वा मतदाता परिचयपत्र वा सवारीसाधन चालक अनुमति पत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको परिचयपत्र मध्ये कुनै एकको सक्कलै प्रमाणपत्र अनिवार्य रुपमा आफूसाथ लिई आउनु पर्नेछ।**
- परीक्षा सञ्चालन हुने दिन अप्रत्यासित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

.............................................
(केदारनाथ रिजाल)
अधिकृत सातौं

.............................................
(प्रकाश गुरुङ्ग)
उपसचिव